श्री बारा जिल्ला अदालत

कलैया

## सूचना प्रकाशन मिति २०७२।४।१०(दोस्रो पटक)

*सिलवन्दि बोलपत्रद्वारा सवारीसाधन लिलाम विक्रि गर्ने सम्बन्धित अत्यन्त जरुरी सूचना...... ।*

यस अदालत विभिन्न मुद्दामा दशी स्वरुप दाखिला हुन आई यस अदालतमा जिन्सिमा आम्दानी बाँधिएका सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली २०५२ को नियम ९० (क) , ऐ को नियम ९० (ख) तथा आर्थिक कार्यविधि नियमावली २०६४ समेत बमोजिमका शर्तहरुको अधिनमा रही गोप्य सिलवन्दी बोलपत्र आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

१) बोलपत्र फाराम रु १०००।-(फिर्ता नहुने गरी ) तिरी मिति ~~२०७२।३।~~ २०७२।४।२४ गतेसम्म कार्यालय समयभित्र यस अदालतको जिन्सि शाखाबाट खरिद गर्न सकिनेछ ।बोलपत्र खरिद गर्न दिने निवेदनसाथ व्यक्ती भए नेपाली नागरिकताको प्रमाणपत्र ,कुनै फर्म वा संस्था भए नविकरण सहितको फर्म वा संस्था दर्ताको प्रमाणपत्र र गत आ.व. सम्मको कर चुक्ताको प्रमाण पत्र लगायतका कागजहरुको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

२) बोलपत्र साथ आफूले कबुल गरेको अंकको १० प्रतिशतले हुने रकम कोष तथा लेखा नियन्त्रण कार्यालय, बारा को नाममा जम्मा हुने गरि धरौटी खाता नं १२६०२०३००००० को कोड नं.३३-२०४-०१ मा जम्मा गरेको सक्कलै भौचर वा बैंक जमानत पेश गर्नु पर्ने छ।

३) बोलपत्रमा आफूले कबुल गरेको रकम मूल्यवृद्धि कर बाहेकको अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।अंक र अक्षरमा लेखिएको फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

४) कुनै पनि शर्त राखि पेश भएको बोलपत्र मान्य हुने छैन ।

तहसिलदार

५) बोलपत्र दाताले मिति २०७२।४।२४ गते दिन १:०० बजेसम्ममा सिलबन्दी बोलपत्र यस अदालतको तहसिल शाखामा दर्ता गराई सक्नु पर्ने छ । सो दिन सार्वजनिक विदा परेमा अदालत खुलेको पहिलो दिन सोही समयमा दर्ता गरिसक्नु पर्नेछ ।

६) दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु मिति २०७२।४।२४ गते दिनको ३:०० बजे बोलपत्र दाताहरु र अन्य कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस अदालतमा खोलिने छ। निर्धारित समयमा बोलपत्रदाताहरु अनुपस्थितल भएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अदालतमा निहित रहने छ।

७) बोलपत्र स्वीकृत भै सूचना पाएको मितिले ७ दिनभित्र आफूले कबुल गरेको मूल्यको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर र बाँकी रुपैया नबुझाएमा बोलपत्र साथ पेश भएको १० प्रतिशत रकम जफत हुने छ।

८) दर्ता हुने ठहर भएका ट्रक प्रचलित ऐन अनुसार दर्ता गराउने कार्य लिलाम सकार गर्ने ले नै गर्नुपर्ने छ ।

९) सबै सवारी साधनहरु एकमुष्ट लिलाम विक्री गरिने हुँदा प्रत्येक सवारी साधनका लागि पृथक पृथक बोलपत्र पेश गर्न पाईने छैन ।एकमुष्ट कबुल गर्नुपर्ने छ।

१०) कैफियत महलमा स्क्र्याप भनि जनाईएका सवारी साधनको रुपमा प्रयोग गर्न नपाईने हुँदा बोलपत्र दाताले आफ्नै खर्चमा इन्जिन र चेसिस नं. काटकुट गरी स्क्र्यापको रुपमा उठाई लैजानुपर्ने छ

११) लिलाम हुने सवारी साधनहरु हेर्न चाहेमा यस अदालतको जिन्सि शाखामा सम्पर्क राखि हेर्न सकिने छ।

१२) यस अदालतबाट उपलब्ध गराइएको बोलपत्र फारम मात्र प्रयोग गर्न पाइने छ ।एउटा नाममा खरिद गरेको बोलपत्र फाराम अन्य प्रयोग गर्न पाउने छैन । बोलपत्र फाराम दर्ता गराई सकेपछि फिर्ता लिन पाइने छैन ।

१३) अन्य कुराहरु सम्बन्धित प्रचलित कानून अनुसार हुनेछ । लिलाम हुने ट्रकहरुको विवरण देहाय अनुसार रहेको छ। उक्त न्युनतम मूल्यांकन रु ७,४०,०००।- (सात लाख चालिस हजार) रहेको छ।

सवारी साधनको विवरण

| सि.नं. | सवारी साधन | सवारी नं. | मोडेल | न्युनतम मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | ट्रक | ना.३.ख.६३८० नं. | PT११०९/३६EX HD(२००८) | ४,६५,०००।- | दर्ता हुने |
| २ | ट्रक कन्टेनर | बा.१.ख.२७५१ नं. | १९८४ | २,७५,०००।- | स्क्र्याप हुने दर्ता नहुने |

२।५।३।०७।
२०६२।४।७।१